आज मिति २०७५ साल मंसिर २४ गते सोमबार का दिन यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको नियमित बैठकमा तपशीलका प्रस्ताव माथि छलफल गरियो ।

## उपस्थिती

श्री कर्ण बहादुर मगर - तीनपाटन गाउँपालिका अध्यक्ष

श्री पदममाया तामाङ - उपाध्यक्ष/गाउँ सभा सदस्य

श्री राजन थापा- प्रमुख प्रशासकीय अधिकृत

श्री गोविन्द राउत - गाउँ सभा सदस्य

श्री हेम बहादुर श्रेष्ठ - गाउँ सभा सदस्य

श्री लाल बहादुर स्याङतान - गाउँ सभा सदस्य

श्री खडग बहादुर भुजेल - गाउँ सभा सदस्य

श्री दिनेश कुमार रमौली - गाउँ सभा सदस्य

श्री बीर बहादुर पुलामी - गाउँ सभा सदस्य

श्री कोमल बहादुर खपाङ्गी - गाउँ सभा सदस्य

श्री रेखराज अधिकारी - गाउँ सभा सदस्य

श्री शेर बहादुर मगर - गाउँ सभा सदस्य

श्री पुण्यहरि भुजेल - गाउँ सभा सदस्य

श्री हितलाल श्रेष्ठ - गाउँ सभा सदस्य

श्री दुध कुमारी ठकुरी - गाउँ सभा सदस्य

श्री जगदिश्वर तोलाँङ्गी - गाउँ सभा सदस्य

श्री गीतामाया थापा - गाउँ सभा सदस्य

श्री देबमाया श्रेष्ठ - गाउँ सभा सदस्य

श्री भगवती श्रेष्ठ - गाउँ सभा सदस्य

श्री टेक बहादुर परियार - गाउँ सभा सदस्य

श्री तारानाथ अधिकारी- कार्यालय सहयोगी

श्री चन्द्रिका थापा मगर- कार्यालय सहयोगी

**प्रस्तावहरुः**

१ कार्यालयमा दर्ता भएका पत्रहरुको सम्बन्धमा ।

२ घ वर्गको निर्माण व्यवसायी फर्म दर्ता अनुमति सम्बन्धमा ।

३ जिल्ला प्रहरी कार्यालयबाट आग्रह भई आएको प्रतिक्षालय निर्माण सम्बन्धमा ।

४ शिक्षा समितिको बाँकी पदाधिकारी मनोनयन सम्बन्धमा ।

५ गाउँपालिकाको प्रवक्ता मनोनयन सम्वन्धमा ।

६ तीनपाटन गाउँपालिकाको व्यवसाय दर्ता कार्यविधि २०७५ सम्बन्धमा ।

७ तीनपाटन गाउँपालिकाको जेष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका २०७५ सम्बन्धमा ।

८ तीनपाटन गाउँपालिका अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७५ सम्बन्धमा ।

९ ऐन संशोधन सम्बन्धमा ।

१०. विविध ।

Date
Page

प्रस्ताव नं. १ माथि छलफल गर्दा, यस कार्यालयमा दर्ता भएका विभिन्न पत्र माथि छलफलको निर्णय गरियो:

क) तीनपाटन गाउँपालिका, स्वास्थ्य शाखाको च.नं. ६० मिति २०८२/८/१९ को पत्रानुसार थप रकम विनियोजनका लागि पेश भएकोमा पूर्वको व्यहोरा बमोजिम ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयं सेविकालाई बिदाइका लागि प्रदेशमा रु. ६०,०००।- र गाउँपालिकाबाट रु. १,००,०००।- विनियोजन भएको तर मिति २०८२/८/१९ गते सम्म २८ जना महिला स्वास्थ्य स्वयं सेविका ६० ~~जना स्वास्थ्य स्वयंसेविका~~ वर्ष उमेर पुगेकाले सोका लागि अपुग रकम रु ४,००,०००।- रकम यस तीनपाटन गाउँपालिकाको आन्तरिक आम्दानीको कोषबाट विनियोजन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. २ माथि छलफल गर्दा, यस गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी दर्ता कार्यविधि, २०८२ बमोजिम यस कार्यालयमा सो कानून बमोजिम प्रक्रिया पूरा गरी यस गाउँपालिकाको कार्यपालिका बैठकमा स्वीकृतका लागि पेश भएका श्री निमालिना निर्माण सेवा, तीनपाटन-१० र श्री पायलदेवी निर्माण सेवा, तीनपाटन-२ लाई कानून बमोजिम 'घ' वर्गको प्रमाण-पत्र दिन गाउँपालिकाको प्रशासन शाखालाई आदेश दिने निर्णय गरियो।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा, जिल्ला प्रहरी कार्यालय, सिन्धुलीको प.सं. २०८२/०८३, च.नं. १४८२ मिति २०८२/८/२८ को पत्रानुसार यस गाउँपालिकालाई सो कार्यालयको परिसरमा प्रतीक्षालय निर्माणका लागि आग्रह भएकोमा सो कार्य तत्कालका लागि अघि नबढाउने निर्णय गरियो।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा, यस गाउँपालिकाको शिक्षा ऐन, २०७५ बमोजिम गठन भएको शिक्षा समितिमा ४ जना सदस्य रिक्त रहेकोमा सो सदस्य पदमा तीनपाटन गाउँपालिका कार्यपालिकाका सदस्यहरूमध्ये निम्न ३ जनालाई मनोनयन गर्ने निर्णय गरियो:-

श्री गोविन्द राउत
श्री लाल ब. ह्याङतान
श्री दिलमाया श्रेष्ठ

प्रस्ताव नं. ५ माथि छलफल गर्दा, तिनपाटन गाउँपालिकाको प्रवक्तामा यस गाउँ कार्यपालिका सदस्य तथा ५ नं. वडा कार्यालय, मझुवाका वडाध्यक्ष श्री दिनेश कुमार रमौलीलाई मनोनयन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा, तिनपाटन गाउँपालिकामा सञ्चालन भएका व्यापार, व्यवसाय, संस्थाहरूलाई कर मार्फत दायरामा ल्याउन तिनपाटन गाउँपालिकाको व्यवसाय दर्ता कार्यविधि, २०७५ पाना-५ उपस्थित १६ जना जनप्रतिनिधि मध्ये सर्वसम्मत पारित गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा, तिनपाटन गाउँपालिका भित्रका ज्येष्ठ नागरिकको पहिचान, सम्मान तथा कानून बमोजिमको सेवा, सुविधा उपलब्ध गराउन तिनपाटन गाउँपालिकाको ज्येष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका, २०७५ पाना-३ उपस्थित १६ जना जनप्रतिनिधि मध्ये सर्वसम्मत रूपमा पारित गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा, तिनपाटन गाउँपालिका भित्रका अपाङ्गता भएका नागरिकको पहिचान, सम्मान तथा कानून बमोजिम सेवा, सुविधा उपलब्ध गराउन तिनपाटन गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ पाना-१५ उपस्थित १६ जना कार्यपालिकाका सदस्य मध्ये सर्वसम्मत रूपमा पारित गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा, यस गाउँपालिकाको विधेयक समितिले मिति २०७५।८।१० गते पेश गरेको प्रस्ताव अनुसार तिनपाटन गाउँपालिकाको पूर्वाधार ऐन, २०७४ को संशोधन गर्न लगाई प्रस्ताव पेश भएकोमा उक्त प्रस्तावको निर्णय तिनपाटन गाउँपालिकाको गाउँसभाले मात्र निर्णय गर्न सक्ने भएकोले आ.व. २०७५।०७६ को दोस्रो गाउँसभा बस्नु अघि ~~बस्ने~~ बस्ने गाउँकार्यपालिकाको बैठकले/बैठकमा छलफल गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १० माथि छलफल गर्दा, तीनपाटन गाउँपालिकाको शिक्षा समितिको मिति २०७५।८।२३ गते बसेको निर्णयले यस गाउँपालिकाको वडा नं. ११, लाम्पनटारको गौरी ५ बासजिममा अभिभावकको संलग्नतामा सञ्चालित इच्छा शिखर प्रा.वि.लाई बाल विकासका रूपमा मात्र सञ्चालन गर्ने तथा सो विद्यालयका विद्यार्थीलाई नजिकै प्रा.वि. ५ बामाजिममा व्यवस्थापन गर्ने निर्णय सदर गरियो। साथै शिक्षा समितिको प्रस्ताव नं. ६ को निर्णय अनुसार विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकहरूलाई अभिमुखीकरण कार्यक्रम राखिएकोमा सो कार्यक्रममा शिक्षक-अभिभावक संघका अध्यक्षलाई समेत सहभागी गराउने निर्णय गराइयो। यसैगरी शिक्षा समितिको सोहि मितिको बैठकको प्रस्ताव नं. ३ बमोजिम प्रा.वि. महभारत ठोकलाई नजिकैको विद्यालय मा.वि. भाँवाटमा गाभ्दै सो विद्यालयका कार्यालय सहयोगी मोहननाथ भट्टराईलाई सोहि वडाको नारायणपुर प्रा.वि.मा कामकाज गर्ने गरी खटाउने निर्णय गरियो।

देवमाया